सुनसरी भन्सार कार्यालय
सेतुबन्ध, सुनसरी

मिति:- २०८२।१२।०४

विषय: लिलाम बढावढ सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना ।

विभिन्न निकायहरुको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी वारिसे/बेवारिसे भएको तपसीलमा उल्लेखित भन्सार चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दाखिला हुन आएको तपसीलमा उल्लेखित एकमुष्ट जम्मा मूल्य रु.१,७४,०९०.०० (अक्षेरुपी रु. एक लाख चौरहत्तर हजार नब्बे मात्र ।) को मालवस्तु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा मिति २०८२।१२।१८ गते बुधवारका दिन दिनको १३:०० बजेदेखि १५:०० बजेसम्म खुल्ला बोलकबोल प्रकृया अनुसार यस कार्यालयको मुद्दा शाखाबाट लिलाम बिक्री गरिने भएकाले ईच्छुक सबै फर्म, कम्पनी तथा संस्थालाई लिलामी प्रकृयामा सहभागी हुन भन्सार ऐन, २०८२ को दफा ९२ तथा भन्सार नियमावली २०६४ को नियम ३५(२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । डांक कबोल गर्नेले कबोल गर्नु अगावै लिलामी रकमको दश प्रतिशत हुने रकम धरौटी बापत दाखिला गर्नुपर्नेछ । लिलाम स्विकृत भएको मालवस्तु ७ (सात) दिनभित्र लाग्ने सम्पूर्ण कर तथा महशुल दाखिला गरी मालवस्तु उठाई लैजानु पर्नेछ । लिलाम स्विकृत भएका बोलकबोलकर्ताले मालवस्तु उठाई नलगेमा निजको धरौटी रकम जफत गरी क्रमश: दोस्रो, तेस्रो र चौथ बोलकबोलकर्ताले बोलकबोल अङ्क स्विकृत गर्न सकिनेछ । लिलाम बिक्री हुने मालवस्तु हेर्न चाहनेले कार्यालयको समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी हेर्न सकिनेछ । लिलाम स्विकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

तपसिल

| सि.नं. | मुद्दा नं. / मिति | प्रतिवेदक निकाय | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | ३१८/२०८२.११.११ | स.प्र.ब.नेपाल, नं. ४ गण हेड क्वाटर, सुनसरी । | चिनी २०५ किलो। | १४३५०.०० |
| २ | ३२१/२०८२.११.१४ | स.प्र.ब., नेपाल बि.ओ.पि. श्रीपुर, सुनसरी । | चिनी (७ पोका) २६० किलो। | १८२००.०० |
| ३ | ३२३/२०८२.११.१५ | सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी। | चिनी (६ बोरा) ३०१ किलो। | २१०७०.०० |
| ४ | ३२४/२०८२.११.१७ | स.प्र.ब., नेपाल बि.ओ.पि. श्रीपुर, सुनसरी । | चिनी (८ बोरा) ३९५ किलो। | २७६५०.०० |
| ५ | ३२६/२०८२.११.१७ | स.प्र.ब.नेपाल, नं. ४ गण हेड क्वाटर, सुनसरी । | चिनी (५ बोरा) २५० किलो। | १७५००.०० |
| ६ | ३३५/२०८२.११.२६ | इलाका प्रहरी कार्यालय, देवानगञ्ज। | चिनी (४ बोरा) १९६ किलो। | १३७२०.०० |
| ७ | ३४५/२०८२.११.३० | सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी। | चिनी ५९० किलो। | ४१३००.०० |
| ८ | ३४७/२०८२.१२.०१ | सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी। | चिनी २४० किलो। | १६८००.०० |
| ९ | ३४८/२०८२.१२.०१ | सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी। | चिनी (१ बोरा) ५० किलो। | ३५००.०० |
| | | जम्मा :- | २४८७ किलो | १७४०९०.०० |

Tamang
१।२।०४
नि. प्रमुख भन्सार अधिकृत